पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर ।

☎ : ०२१:४६१९६५
इमेल:
puoemgt@puexam.edu.np

प.स.च.नं.: ०.१२.../०८३-०८४

मिति : २०८३/०४/०५

श्रीमान् निर्देशक/प्राचार्य/क्याम्पस प्रमुखज्यू
पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत **LLB/BALLB/LLM** शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण स्कूल/क्याम्पस/कलेजहरू ।

विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा बि.सं. २०८३ साल (सन २०२६) मा सञ्चालन हुने **कानून संकाय** अन्तर्गत **स्नातक तह 3 years LLB प्रथम,दोश्रो र तेश्रो बर्ष नियमित तथा आंशिक/5 years BALLB** शैक्षिक कार्यक्रमको **प्रथम,चौथो बर्ष नियमित र पांचौ बर्ष नियमति तथा आंशिक एवम् स्नातकोत्तर तह LLM प्रथम र दोश्रो बर्ष नियमित तर्फ परीक्षामा सामेल हुने** त्यस स्कूल/क्याम्पस/कलेजमा अध्ययन गरीरहेका विद्यार्थीहरूलाई **मिति** २०८३/०४/३१ गते भित्र परीक्षा आवेदन फाराम भराई यस कार्यालयको नविल बैक लि.को A/C 00710017518402 मा नियमानुसारको परीक्षा शुल्कका साथै सम्बन्धन शुल्क वापतको रकम **तोकिएको मिति २०८३।०५।०५ गते (21 Aug, 2026)** भित्र जम्मा गरी सो को सक्कलै भौचर **पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा उपलब्ध गराउन जानकारी गराइन्छ ।** साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराउन हुन समेत जानकारी गराईन्छ ।

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी Batch छुट्याई परीक्षार्थीको नामअनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येकको छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्नेछ ।

(२) परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धी कागजातहरू नपुग भई रजिष्ट्रेशन हुन नसकेमा त्यस्ता परीक्षार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

(३) सम्बन्धित क्याम्पस/कलेजहरूले परीक्षा आवेदन फाराम पठाउँदा परीक्षामा सम्मिलितहुने परीक्षार्थीहरूको विषयगत संख्या (Subject-wise Data) खुलाई अनिवार्यरूपले Batch अनुसार संलग्न गरी पठाउनु पर्नेछ ।

(४) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(५) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ ।

(६) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन ।

(७) परीक्षा आवदेन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।– शुल्क बुझाउनु पर्ने छ ।

(८) कलेजले सञ्चालन गर्ने आन्तरिक मुल्यांकन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्ना पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्ध गरिने छ ।

९)**परीक्षा शुल्क देहायबमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| परीक्षा शुल्क: | |
| क) 3yrs LLB/5 yrs BALLB शैक्षिक कार्यक्रम नियमति तथा आंशिक प्रति खण्ड प्रति विद्यार्थी (२०२० समुह देखि) | रू. १,२००।- |
| ख) 5 yrs BALLB शैक्षिक कार्यक्रम तियमति तथा आंशिक प्रति खण्ड प्रति विद्यार्थी (अन्य वर्ष तथा समुह) | रू. ७००।- |
| ग) 3yrs LLB शैक्षिक कार्यक्रम आंशिक प्रति खण्ड प्रति विद्यार्थी (अन्य वर्ष तथा समुह) | रु. २,०००।– |
| घ) 2yrs LLM शैक्षिक कार्यक्रम नियमिति तथा आंशिक प्रति खण्ड प्रति विद्यार्थी | रु. २,१००।– |
| बिलम्ब शुल्क: | |
| १) तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र | रू. १,०००।– |
| २) परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २,०००।- |
| ३) परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३,०००।– |
| सम्बन्धन शुल्क : | |
| 3 years LLB शैक्षिक कार्यक्रमका लागि प्रति विद्यार्थी | रु. ८,०००।– |
| 5 years BALLB शैक्षिक कार्यक्रमको सन् २०२३ समुह देखि प्रति विद्यार्थी | रु. १२,०००।– |
| 5 years BALLB शैक्षिक कार्यक्रमको सन् २०२२ समुह सम्म प्रति विद्यार्थी | रु. ६,०००।– |
| 2 years LLM शैक्षिक कार्यक्रमको सन् २०२३ समुह देखि प्रति विद्यार्थी | रु. १५,०००।– |

परीक्षा नियन्त्रक

**नोटः १. नयां सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुले पहिलो पटक/पहिलो बर्षको परीक्षा फाराम पठाउदा कूल विद्यार्थी कोटा संख्याको आधारमा प्रति विद्यार्थीको दरले सम्बन्धन शुल्क बुझाउनु पर्ने छ ।**
२. विलम्ब शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ ।